# २७. श्री केसरीराज पाण्डे

*[संवत् २०५६ सालको पुरस्कार 'जगदम्बा-श्री' 'नेपाली शिक्षा परिषद्'लाई र सोही सालको 'मदन पुरस्कार' 'अतिरिक्त अभिलेख' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री दिनेश अधिकारीलाई समर्पण गर्न संवत् २०५७ साल आश्विन १३ गते रोज ६ का दिन आयोजित समारोहमा तत्कालीन बडागुरुज्यू श्री केसरीराज पाण्डेले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १६४ बाट उद्धृत गरिएको हो।]*

सभापति महोदय, पुरस्कारबाट सम्मानित व्यक्तिहरू, महिला तथा सज्जनवृन्द !

मदन पुरस्कार गुठी जस्तो सम्मानित संस्थाको समारोहमा यसरी दीक्षान्त भाषण गर्न उभिँदा म गौरवबोध गर्दछु।

सर्वप्रथम म मदन पुरस्कार गुठीका संस्थापिका स्व. रानी जगदम्बामा श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आज पुरस्कारद्वारा सम्मानित हुने 'नेपाली शिक्षा परिषद' तथा श्री दिनेश अधिकारीमा अभिवादन गर्दछु। नेपालको यस उच्चतम पुरस्कारद्वारा अभिनन्दित हुनुभएकोमा साधुवाद गर्दछु।

विविध इतिवृत्तमध्ये हामीले कति कुरा सुनी जानीकन पनि त्यसलाई एकाग्रताको साथ गहिरिएर विचार गर्ने मौकाको उपयोग गरेका हुँदैनौं। साथै कति शोधकर्ताले त्यस्ता विषयवस्तुको अवलोकन गर्ने अवसर नपाएको पनि हुन सक्दछ। तल प्रतिपादन गरिएका अद्भुत (अजव) खालका धेरैजसो कुराहरू मैले आफ्नो जीवनमा स्वयं अनुभूत तथा स्वर्गवासी पूज्य पिताज्यू हेमराज शर्माबाट सुनेका आधारमा प्रस्तुत गरेको छु। यो लेख तयार गर्दा मेरो सङ्ग्रहमा भएका फोटोहरूको अवलोकनले पनि निक्कै मद्दत दियो।

नेपाली संस्कृतिभित्रका अथवा बाहिरबाट सांस्कृतिक सङ्क्रमणको रूपमा आई नेपाली बनेका कतिपय कुराको नेपाली माटोमा बीजारोपण भई त्यहाँ पल्लवित र पुष्पित भएका कति कुरा हाल वैलाई पनि सकेका छन्। कति कुरा बेग्लै किसिमका बिरुवाका रूपमा गाँज हाल्न लागेका पनि देखिएका छन्। यी सबै कुरा नेपालको परिवेशमा अद्भुत किसिमका हुनाले यो प्रवचनको विषय मैले 'अजब नेपाल' बनाएको छु।

अजब नेपालको कलेवरभित्र तीन पाटा छन्। पहिलो पाटामा मुगल संस्कृतिबाट प्रभावित सलाम गर्ने परम्परा र आजको स्थितिको विषयमा चर्चा गर्नेछु।

दोस्रो पाटामा नेपालका शासकवर्ग, अभिजातवर्ग र विभिन्न श्रेणीका जङ्गी निजामती कर्मचारीहरूले त्यस बखत आफ्नो ओहदाको अनुरूप लगाउने श्रीपेच, पगडी चाँदतोडाबारे पर्यवेक्षण गरिनेछ।

तेस्रो पाटामा नेपाली समाजका विभिन्न व्यक्तिले बोल्ने दुनियाँमा कहीं नभएको वैविध्यपूर्ण शिष्टाचारको भाषाबारे पर्यालोचन गर्ने मेरो योजना छ।

**पहिलो पाटा**

गोर्खाका राजा राम शाहबाट राजालाई दाज्यू-भाइ नाता पर्ने चौतरिया काजीले दर्शन गर्दा सलाम, गुरु पुरोहित ब्राह्मणले दर्शन गर्दा स्वस्ति, खस मगर आदिले दर्शन गर्दा कुर्नेश (झुकेर गरिने सलाम) गर्नू भनी स्थिति बाँधियो।

राणाकालमा प्रधानमन्त्री श्री ३ महाराजलाई वहाँले राष्ट्रिय पोसाक लगाएको समयमा पनि सैनिक पोसाक लगाउने सबैले मिलिटरी स्यालुट गर्ने चलन थियो। त्यस बखत राणा प्रधानमन्त्रीको बैठकमा निजामती कर्मचारी र चाकडी गर्न आएका र राजदरबारको प्रवेशमा रोकावट नभएका अभिजात वर्गका सबैले मुगल दरबारमा शाहनशाहलाई गरेजस्तै सलाम गर्दथे। अधिकार प्राप्त केही राजगुरुले शिरमा नै हात राखेर आशीर्वाद टक्राउने तथा अरू ब्राह्मणले स्वस्ति गर्ने चलन थियो। खास गरी उपत्यकाभित्र सलाम गर्ने परम्परा यति व्यापक भयो कि कर्मचारीले हाकिमलाई, साथीहरूले बाटामा भेट्दा परस्पर एक हात उठाएर शिरमा हात राखी छोटकरी किसिमको सलाम गर्ने गरेको देखिन्थ्यो। बौद्ध धर्मावलम्बीले समेत नमस्कार गर्ने परम्परा बिर्सेर एक हात उठाई 'तारेमांशर्ण' भन्न थाले।

खास गरी उपत्यकाभित्र नमस्कार गर्ने दायरा साँघुरिँदै गयो। भक्तजनले देवतालाई, ब्राह्मणले ब्राह्मणलाई नमस्कार गर्ने चलनबाहेक, साधारणत: उपत्यकाभित्र नमस्कार गर्ने संस्कृति नै लुप्त होला भन्ने डर भयो। २००७ सालमा श्री ५ त्रिभुवन दिल्लीबाट सवारी फिरिबक्सँदा हवाईजहाजबाट सलाम फर्काइबक्सिएको फिल्ममा देखिएको घटनापश्चात् प्रजातन्त्र आएपछि सलाम गर्ने र फर्काउने चलन धराशायी भयो। हिन्दू, बौद्ध, जैन र शिखहरूले परापूर्वकालदेखि आफ्नो जीवनचर्यामा अपनाउने गरिएको नमस्कार गर्ने चलनको प्रत्यावर्तन भएकोले राष्ट्रिय भावनात्मक एकता र एकै फूलबारीको अवधारणा बढाउन टेवा मिल्यो।

समुद्रको ज्वार जस्तै सांस्कृतिक-सङ्क्रमणको प्रचण्ड बेगलाई हामीले रोक्न सक्तैनौं, जस्तो 'टाटा', 'बाईबाई' भन्ने जस्ता कुराहरू पाश्चात्य संस्कृतिले सिकाइरहेको छ। तर यसबारे कुनै मनीषीले भन्नुभएको छ- आफ्नो संस्कृतिलाई प्राथमिकता दिनुपर्दछ। तर अरू संस्कृतिको अवहेलना गर्न पनि हुँदैन। प्रजातन्त्रमा बाहिरबाट आउने

हावालाई निर्वाह रूपबाट वहन दिनुपर्दछ। तर सो हावाको झोक्काबाट आफू ढल्न पनि हुँदैन।

## दोस्रो पाटा

काठमाडौं, पाटन र भादगाउँका राजाहरूले देवताको सम्मुख नमस्कार गरी बसेको आफ्नो प्रतिमामा मुगल राजाहरूको जस्तो टोपीमा फुर्के कल्की लगाउने अनुकरण गरेको देखिन्छ। गोर्खाका राजा पृथ्वीपति शाहले समेत त्यही वेशभूषामा आफ्नो प्रतिमा वनाउन लगाएका थिए।

भारतका विभिन्न राजा रजौटाले फेटामा वा आफ्नो किसिमको टोपीमा वहुमूल्य रत्नहरूमा चाँद लगाएको देखिए तापनि, हुमाउ कल्की लगाएको नदेखिएकोले यसको सुरुआत नेपालमा नै भएको देखिन्छ। सर्वप्रथम श्री ५ पृथ्वीनारायण शाहले हुमाउ कल्की र दाहिनेतर्फ मुन्टो फर्काएको चराको स्वरूपको हीराको चाँद भएको श्रीपेच लगाएको चित्र पाइन्छ। त्यसपछिका राजाहरूले लगभग त्यस्तै किसिमको चाँद र कल्की लगााउने चलन कायमै राखेको देखिन्छ।

नेपाली श्रीपेचको इतिहास हेर्ने हो भने जङ्गबहादुर महाराजले तत्कालीन भारतका राजा रजौटालाई माथ गर्ने गरी रत्नहरूले देदीप्यमान श्रीपेच बनाए। उनले लखनौलूट, अवधका बेगम, नानासाहेबबाट प्राप्त जवाहिरातले श्रीपेच सिंगारे। त्यसमा अङ्गुरको झुप्पाजस्तो पन्नाको दानाको झुप्पा, नादिर शाहको कलमको नामबाट प्रसिद्ध पन्ना र श्रीपेचको रिङ्गै वरिपरि पन्नाको लरकन राख्न लगाए। प्रधानमन्त्री माथवर सिंहले लगाएको श्रीपेचको अग्रभागमा पाँच दानामात्र पन्नाको लरकन थियो भने जङ्गबहादुरले आफ्नो श्रीपेचको वरिपरि दुइ दर्जनभन्दा बढी पन्नाको लरकन राखे।

त्यही समयमा श्री ५ सुरेन्द्रको श्रीपेचमा तीन चाँद रहे पनि अगाडिमात्र पन्नाको लरकन र महत्त्वहीन रत्नहरू जडिएको भई जङ्गबहादुरको श्रीपेचसित तुलना नै गर्न नसकिने भएकाले राजाको गरिमामय पदलाई नसुहाउने स्थिति आयो। पछि जङ्गबहादुरकी छोरी, श्री ५ त्रैलोक्य वीर विक्रमकी महारानी ललित राजेश्वरीले आफ्नो दाइजोमा प्राप्त गहना तथा बिर्ताको आयस्ता र राजकोशबाट पनि जवाहिरात खरिद गरी राजमुकुट सजाएको कथा सुनिन्छ। पछि श्री ५ पृथ्वीवीरको समयमा मात्र राजाले लाउन उपयुक्त हुने श्रीपेच बन्यो। त्यस श्रीपेचमा रहेको माणिकको गुच्छा धेरै मूल्यवान् भएको भनिन्छ। त्यसमा लगाउने कल्की पनि अरूभन्दा विशिष्ट भएको देखिन्छ।

कलकत्ताको बजारमा पाइने पहेँलो रङ्गको अर्धवर्त्तुलाकार हुमाउ चरा (जसको अर्को नाम स्वर्गको चरा भन्ने पनि छ) मुट्ठीभरको मसिनो हुनाले, एक चराको मुखमा रत्नहरूले विभूषित गरी सात, आठ या बढी अरू चराको प्वाँख जोडी विशाल कल्की बनाउने चलन चल्यो। जङ्गबहादुर महाराजको समयदेखि नै श्रीपेचको टुप्पाको माझमा पन्नाको पेचदार गट्टा बनाएर चिनियाँ पदवी "थुङ लिङ् पिङ्मा को कान वान

स्याङ्.....''को प्रतीक नीलो मयूरको प्वाँखको सीधा कल्की पनि थपियो। उच्च पदमा आसीन राणा परिवारका महिलाले कल्कीप्रति हुरुक्क भएर केही दशकसम्म सो लगाउन थालेको देखियो।

काजी, सरदार, कर्णेल पद पाउनेले हीराको चाँद लगाउने गर्दथे। तर चाँदमा तीनपन्नाको मात्र लरकन हुन्थ्यो। जुनसुकै स्तरको श्रीपेच भए पनि लरकनको पन्ना सदासर्वदा विजोर मात्र हुन्थ्यो। मीर सुब्बा, खर्दार, डिट्ठा आदिको सुनमा देवीको बुट्टा भएको चाँद हुन्थ्यो, तर त्यसमा पन्नाको लरकन हुँदैनथ्यो। सुनकै चाँदमा दर्जाअनुसार रत्न जड्न पाइन्थ्यो। मीर सुब्बाको सुनको चाँदको टुप्पामा एक रत्न मुन्तिर अर्धचन्द्रकार बान्कीको सात दाना रत्न जडिन्थ्यो। त्यस्तै सुब्बा डिट्ठाहरूले चाँदमा तल र माथि एक-एक गरी दुई दाना रत्न जड्न पाउने व्यवस्था थियो। उपर्युक्त किसिमको चाँदतोडा नपाउने प्रोफेसर, मास्टर, पण्डितहरूले समेत कालो बिर्के टोपीमा सरस्वतीको मूर्ति भएको ब्याज लगाउने चलन थियो। साधारणतः सबैले लाउने ब्याजबारे पनि धेरै लेख्न सकिनेछ, तर यहाँ त्यसबारे उल्लेख गरिएको छैन।

हीरा या सुनको चाँद पाउने सबै व्यक्तिहरूले त्यसलाई प्रतिष्ठाको प्रतीक सम्झी सो लगाएर मात्र दसैंको प्रसाद ग्रहण गरी चाँदको पछाडि जमरा सिउरिने चलन थियो। बिहामा जन्ती जाँदा बाबुले पाएको चाँदतोडा, केही अपवादबाहेक, छोरा वरले लगाउन पाउने चलन थियो। मैले आफ्नो बिहामा मेरो पिताज्यूको श्रीपेच लगाएको थिएँ तर हुमाउ कल्की भने लगाउन पाइएन।

राज्याभिषेक, विवाह, व्रतबन्ध आदि समारोहमा विभिन्न पाल टाँगिन्थे। एउटा पालमा हीराको चाँद र हुमाउ कल्की लाएका अभिजात वर्गका घटकहरू, अर्को पालमा हीराको चाँद तर फुर्के कल्की लगाएका कर्मचारीहरू, अर्को पालमा सुनको चाँदतोडा र फुर्के कल्की लगाएका कर्मचारीहरू, सुनको ब्याज लगाउने शिक्षकहरूको समूह देख्दा नेपाल कति धनी रहेछ भन्ने बाहिरियालाई भ्रम हुने गर्दथ्यो। प्रधानमन्त्रीले विदेश भ्रमण गर्दा उनको चाँदमा रहेका हीरा-जवाहिरातको चकाचौंध देखेर त्यहाँका दर्शकहरू आश्चर्यचकित भएको कुरा किताबमा पढ्न पाइन्छ। त्यसैले अजब नेपाल भनेको साँचो रहेछ।

यसप्रकार, एकतर्फ भयानक गरिबी र अर्कोतर्फ जाज्वल्यमान सामन्तवादको पराकाष्ठा भैरहेकोमा श्री ५ महेन्द्रबाट केवल महाराजाधिराजले मात्र श्रीपेच लगाउन हुने, अरूले नपर्ने व्यवस्था गरिबक्सियो। यसबाट श्री ५ महाराजाधिराजका भाइ छोराहरूले पहिलेको जस्तै श्रीपेच लगाउन पाउने परम्परासमेत समाप्त गरियो।

**तेस्रो पाटा**

यस प्रवचनको तेस्रो र अन्तिम पाटामा भाषिक शिष्टाचारबारे विचार गरिएको छ। भाषिक शिष्टाचार या सोमतिलो बोलीलाई जीवनचर्याको मर्यादित, परिष्कृत,

परिमार्जित व्यवहार भन्न सकिन्छ। धेरै तहहरू भएको भाषिक शिष्टाचार नेपालमा मात्र पाइन्छ; जस्तो सरकार, प्रभु, हजुर, यहाँ, तपाईं, तिमी, तँ आदि। फेरि रूढ शब्दको रूपमा प्रयोग हुने पाँडेबोलीको पनि समाजमा विशेष स्थान छ।

सम्मानसूचक भाषाको प्रयोग गर्दा श्री ५ महाराजाधिराज र मौसूफका परिवारका सबै सदस्यहरूलाई तथा तत्कालीन श्री ३ महाराज तथा श्री ३ बडामहारानीलाई एउटै स्तरमा राख्न पर्दथ्यो; अर्थात् यी दुवै थरीलाई 'सरकार' भनेर सम्बोधन गर्ने, 'हुकुम र सवारी' भयो भन्ने, सान्दर्भिक क्रियाकलापहरूमा 'बक्स्यो' भन्ने शब्दको प्रयोग गर्नुपर्ने अनिवार्य थियो। त्यस्तै सम्मानसूचक पर्यायवाची खास शब्द जस्तो: सुत्नुलाई सुकला हुनु, खानुलाई ज्यूनार हुनु, मुख धुनुलाई मुखारी हुनु इत्यादिको ठीक-ठीक प्रयोग गर्ने सोमत पनि जान्नुपर्ने व्यवस्था थियो।

त्यो बखत राणाप्रधानमन्त्रीलाई आफ्नै भाइ-छोराले समेत 'सरकार' भनेर सम्बोधन गरेको विचित्र कुरा अझै सम्झन्छु। तर यो चलन श्री ५ को दरबारमा थिएन। त्यहाँ भाइले दाज्यूलाई, छोराले बुबा-मुमालाई सरकार नभनी हजुर भन्ने चलन थियो।

यसको अतिरिक्त चीफसाहेब (मुख्तियार) लगायत विशिष्ट श्रेणीका राणाहरूलाई 'हजुर' भनेर सम्बोधन गरिने, उनीहरूको स्तर सुहाउँदो सम्झिएरै होला, सर्वसाधारण जनताले 'प्रभु,' 'गरिबपरवर' भन्ने शब्दको प्रयोग गर्ने गर्दथे।

जानुहोस्, पाल्नुहोस्, खानुहोस् इत्यादि शब्दमा हजुर, तपाईं दुवै लागू हुन्छन्। तर तपाईंमा बक्सनु भन्ने शब्द जोडिन्न। हजुरसित सम्बन्धित हुने आउनुहोस्, गर्नुहोस् भन्ने पुरानो र आदरसूचक बोली हो।

नेपाल अधिराज्यभरि बहुसङ्ख्यक नेपाली भाषाभाषीले व्यवहारमा प्रयोग गर्ने शब्द नै 'तपाईं' हो। तर आजकल तपाईं शब्दको अवमूल्यन हुँदै छ। आजभन्दा पाँच-छ दशक अगाडिका पुराणवाचकले, भक्तले देवतालाई प्रार्थना गरेको कथाभन्दा तपाईं भनेर सम्बोधन गरेको शब्द सुनाउँथे। तर आजकलका पुराणवाचकले भक्त देवतालाई हजुरले ममाथि दया गर्नुहोस् भनी तपाईंको सट्टा हजुर शब्दको प्रयोग गर्दछन्।

अर्को रमाइलो कुरा- हजुरभन्दा मुनि र तपाईंभन्दा माथि एक अर्को तह सृजना भयो, त्यो हो, 'यहाँ'। आजकल विवाह व्रतबन्ध आदिको निमन्त्रणमा यहाँ भन्ने शब्दको प्रयोग भएको देखिन्छ।

माथि उल्लिखित विभिन्न स्तरका बोलीका अतिरिक्त हजुर, तपाईं, तिमीको अन्तरालमा प्रयोग गरिने अभिव्यक्तिलाई पाँडेबोली भनिन्छ र यो रूढशब्द भैसकेको छ।

तक्मा लिएर, अथवा सैनिक अभ्यास हेर्न कुनै विशिष्ट व्यक्ति विदेशबाट आएको बखत भाषण गर्दा तत्कालीन राणाप्रधानमन्त्रीले तपाईं भन्ने, त्यस देशका राजा-रानीबारे जिकिर गर्दा पाँडेबोलीको प्रयोग गर्ने चलन थियो।

त्यस्तै श्री ५ महाराजाधिराजबाट तत्कालीन राणा प्रधानमन्त्रीसित केही कुरा हुकुम हुँदा महाराजले यसो गरिदिने, मलाई यो पठाइदिने भन्ने पाँडेबोलीबाटै व्यवहार हुन्थ्यो रे।

भाषिक सोपानमा तिमी र तँ सबैभन्दा मुन्तिरको खुड्किलोको रूपमा लिन सकिन्छ। प्रत्येक परिवारको आफ्नोआफ्नो चलनअनुसार तिमी र तँको प्रयोग हुन्छ। कुनै परिवारमा पत्नी, भाइ, छोरा, भतिजालाई तँ भन्ने र कहीं भाइलाई तिमी भन्ने र छोरा भतिजालाई तँ भन्ने चलन पनि देखियो। आजकल श्रीमतीलाई तिमी भन्ने चलन चलेकोबाट उनले वरीयता पाएको देखिन्छ। कुनै परिवारमा सासू-ससुराले बुहारीलाई तिमी भन्ने छोरानातिलाई तँ भन्ने चलन पनि छ। जेसुकै होस्, आजकल तँ भन्ने शब्दको क्रमिक परित्याग भई तिमी भन्ने शव्दले प्राथमिकता पाएको छ।

उपर्युक्त तीन पाटाहरूमध्ये दुईचाहिँ समयको मूल प्रवाहमा बहेर विलाइसकेका छन्। तर तेस्रो पाटामा उल्लिखित भाषिक विषमता प्रवुद्ध समाज भएको आजको युगमा झन्झन् जटिल हुँदै गइरहेको छ। आज मानव जाति सभ्यताको नयाँ चरणमा प्रवेश गरिरहेको समयमा सामन्तवादको दोहलो हुनुपर्ने कुरामा दुई मत हुन सक्तैन। तर यस्तो आधुनिक परिवेशमा सबै स्तरका नेपाली परिवारमा सम्भ्रान्त वर्गका घरमा बोलिने बोलीको अनुकरण भइरहेको छ। शालीनताको छद्मवेशमा सामन्तवादको नयाँ संस्करण प्रकट भइरहेकोले प्रजातान्त्रिक परिधानमा कालो दाग देखिन लागेको छ। नयाँ परिस्थितिसित सामञ्जस्य स्थापित गर्न वर्तमान र भविष्यका पिँढीले चिन्तन गर्ने र सांस्कृतिक र ऐतिहासिक दृष्टिले उपर्युक्त विषय वस्तुलाई सँगालेर बौद्धिक विश्लेषण भएको ग्रन्थ तयार गर्नेतर्फ विद्वान्हरूको ध्यान जाने कुरामा म आश्वस्त छु।

मदन पुरस्कार गुठीले आफ्नो मनमा लागेका केही कुराहरू प्रकट गर्ने अवसर दिएकोमा मदन पुरस्कार गुठीका सञ्चालकवर्गप्रति आफ्नो कृतज्ञता समर्पित गर्दछु।

अन्तमा- शतपथ ब्राह्मणमा 'विद्वांसोहिदेवा:' भनिएको छ। विद्वान्को गरिमालाई आदर गर्ने परम्पराको अनुरूप आजको समारोहमा 'मदन पुरस्कार' तथा 'जगदम्बा-श्री' पुरस्कारबाट विभूषित हुनुभएका दुवै थरीका महानुभावहरू समेतलाई पुन: अभिनन्दन गर्दै आफ्नो वक्तव्य यहीं बिसाउँछु।

☒ ☒ ☒